फागुन ०४, २०७६
चितवन ।

लघुवित्त सेवा प्रदान गर्न कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसँग सरोकार राख्ने फिल्ड कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी ग्राहक सदस्यहरूलाई सरल, सहज लघुवित्त सेवा प्रवाह गरी संस्था र ग्राहक सदस्यहरू विचको दिर्घकालिन सेवा सञ्चालनका लागी आपसी सम्बन्ध विस्तार गर्नु नै प्रमुख उद्देश्य रहेको तथा यस संस्थाबाट प्रदान गरिएको लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्दै ग्राहक सदस्यहरू सँगको बित्तिय कारोबार दिगो, बिश्वसनीय,परिणाममुखी तथा पारदर्शी बनाउनका लागि गुणस्तरीय सेवा प्रदान गर्न जरूरी छ, त्यसैले डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा मिति २०७६ माघ २८ देखि फागुन ०२ गते सम्म प्रदेश नं ०३ र ०४ को कार्यालय अन्तरगतका शाखा कार्यलयहरूका कनिष्ठ सहायकहरू लाई अभिमुखीकरण सम्बन्धी सौराहा, चितवनमा २/२ दिने आवासीय तालिम संचालन गरिएको थियो । उक्त कार्यक्रम मा यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आर्चायिज्यूले आफ्ना भनाईहरू राख्नु भएको थियो ।




उक्त कार्यक्रममा मानव संशाधन तथा तालिम बिभागका बिभागिय प्रमुख श्री ज्ञानेन्द्र प्रसाद अर्यालज्यु द्वारा स्वागत मन्तब्य राख्नुभएको थियो साथै यस वित्तिय संस्थाका कर्जा संचालन तथा निरिक्षण बिभागका बिभागिय प्रमुख श्री हेमकुमार काफ्ले ज्यूले फिल्ड कर्मचारीहरूको काम, कर्तब्य तथा जिम्मेवारीको जानकारी सहित कार्यक्रम समापन गर्नु भएको थियो ।




साथै उक्त कार्यक्रममा प्रदेश नं ३ का प्रदेशप्रमुख श्री देशबन्धु चौधरी, प्रदेश नं ४ का प्रदेश प्रमुख श्री मधुसुदन हुँमागाई, मानव संशाधन तथा तालिम बिभागका अधिकृत सुबास चन्द्र दाहाल लगायत ३ नं प्रदेशका अनुगमन अधिकृत राजेन्द्र न्यौपानेले उक्त प्रदेश ०३ र ०४ अन्तरगत का शाखा कार्यलयका कनिष्ठ कार्यक्रमहरू जम्मा ६४ जनालाई डिप्रोक्स लघुवित्त को परिचय, संस्थाले संचालन गरेका पद्धतीहरू, अनिवार्य समूह तालिम संचालन गर्नुपूर्व ध्यानदिनुपर्ने कुरा, तालिममा सिकाईने विषयबस्तुहरू सहित सो को प्रक्रिया, गुणस्तरीय केन्द्र संचालनमा देखिएको समस्याको समाधान, धितो कर्जा लगानी प्रक्रिया, कर्जा गुणस्तर कायम गर्न कर्जा प्रस्ताव घरधुरी तथा परियोजना निरीक्षण, एकाघरका साक्षीको आवश्यकता बारेमा, कर्जा भाखा नाघ्नुको कारण, भाखा नाघेको कर्जा असुली प्रक्रियाबारेमा तालिम प्रदान गर्नु भएको थियो ।